# हेलम्बु गाउँपालिका

## शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष कार्यविधि २०७५

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षाकोष कार्यविधि २०७५ रहने छ ।

ख. यो कार्यविधि हेलम्बु गाउँपालिका भित्र सामुदायिक स्तरमा संचालित विद्यालय शिक्षक तथा कर्मचारी भित्र सिमित रहनेछ ।

ग. यो कार्यविधि गाउँपालिकाको बैठक बाट पारित भई लागु हुनेछ ।

**२. परिभाषा -**

क. "ऐन" भन्नाले हेलम्बु गाउँपालिकाले तयार गरेको आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७५ समझिनुपर्ने छ ।

ख. "शिक्षक, कर्मचारी" भन्नाले हेलम्बु गाउँपालिका भित्र सामुदायिक विद्यालयहरुमा काम गर्ने सम्पुर्ण स्थायि, करार, अस्थायी, राहत, कार्यालय सहयोगी, बाल शिक्षिका, निजि श्रोत र लेखापाल सवै खालका विद्यालयमा काम गर्ने ब्यक्ति सम्झनु पर्दछ ।

ग. "शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षाकोष समिति" भन्नाले शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष संचालक समिति भन्ने सम्झनु पर्दछ ।

घ. "परिवार" भन्नाले शिक्षक वा कर्मचारी संग बस्ने निज कर्मचारीले वा शिक्षकले पाल्नुपर्ने पति,पत्नि, छोरा छोरी एकै घरमा बस्ने अविबाहित छोरा छोरी सम्झनु पर्ने । एका घरबाट छुट्टै बस्ने छोरा छोरी सदस्यको परिवार नहुने भन्ने बुझ्नु पर्दछ ।

ङ. "कोष" भन्नाले शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष सम्झनु पर्दछ ।

## परिच्छेद २

**३. कोष संचालक ब्यवस्था :**

क. कोष शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षाकोष समितिको संयोजक, गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत/लेखापाल तथा शिक्षा अधिकृतको संयुक्त दस्तखतमा संचालन हुनेछ ।

ख. सम्पुर्ण विद्यालयको प्र.अ.ले आफ्नो विद्यालयमा कार्यरत सम्पुर्ण शिक्षक कर्मचारीको नाम विवरण र फोटो गाउँपालिकाको कार्यालयमा संकलन गरिने ।

ग. कर्मचारी शिक्षक परिवर्तन हुदाँ तत्काल परिवर्तित लिस्ट गा.पा.मा जानकारी गराउने ।

घ. मासिक वा चौमासिक तलब अनुसार निकासा शिक्षक कर्मचारीको कोष बापत खातामा जम्मा गरि भौचर गा.पा.मा बुझाउने ।

ङ. यस कोषमा कार्यारत शिक्षक तथा कर्मचारीहरुले मासिक प्रति शिक्षक कर्मचारी बाट रु १०० (अक्षेरुपी एक सय रुपया) मात्र जम्मा गरिने ।

च. उपचार गराउँदा सरकारी तथा सामुदायिक अस्पतालमा मात्र उपचार गराउनु पर्ने छ र बिरामीको अवस्था हेरी समितिको निर्णय अनुसार अन्य अस्पतालमा पनि उपचार गर्न सकिनेछ ।

छ. बार्षिक रुपमा यस कोषको लेखा परिक्षण गराइनेछ ।

## परिच्छेद ३

**४. कोषको व्यवस्थाः**

क. मासिक प्रत्येक कर्मचारी तथा शिक्षक बाट रु १००/- विद्यालयको प्र.अ.ले शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोषको खातामा रकम जम्मा गर्नुपर्ने ।

ख. शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोषमा गा.पा.ले एक मुष्ट १०,००,०००/-(अक्षेरुपी दस लाख मात्र) रकम जम्मा गर्ने र गाउँसभाको निर्णय वा कुनै संस्थाबाट पनि यस कोषमा रकम थप गर्न सकिने ।

ग. दरवन्दि मिलान तथा आउने जाने शिक्षक कर्मचारीको हकमा यस क्षेत्र वा हेलम्बु गा.पा.मा रहुन्जेल कोषमा बचत गर्नुपर्ने छ । छोडि गएको (गा.पा. भन्दा बाहिर) वा अवकाशको अवस्थामा यस सम्वन्धि कुनै सेवा सुविधा रकम प्राप्त हुने छैन ।

घ. यसमा स्थायी शिक्षक समेत रहने अवकाश तथा स्वच्छिक प्रयोगले पेशा छोडि अन्यन्त्र गएमा स्वतः सो रकम कोषमा जम्मा हुने र सदस्यले फिर्ता नपाउने ।

ङ. स्वच्छिक बचत नहुने यदि कोषमा रकम जम्मा गर्न नमान्ने परिस्थिति आएमा रकम जम्मा नभएको दिनदेखि सो कोषबाट प्राप्त हुने सेवा सुविधा प्राप्त हुने छैन ।

च. पहिलो सदस्य बन्दा सदस्य शुल्क रु १००/- र पछि मासिक रुपमा बचत गर्नुपर्ने ।

छ. श्रोत ब्यक्तिलाई समेत यसमा संलग्न गराइने ।

ज. श्रोत ब्यक्तिले प्रत्येक विद्यालयको बचत अनुगमन र निरिक्षण गरि स्वही अनुसारको जानकारी गा.पा.मा गराउने ।

## परिच्छेद ४

**५. शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षाकोष समिति गठन प्रक्रिया निम्न अनुसार रहने ।**

| | | |
|---|---|---|
| क. गाउँपालिका अध्यक्ष | १ जना | संयोजक |
| ख. प्रमुख प्रशासकिय अधिकृत | १ जना | सदस्य |
| ग. संघ संगठनका अध्यक्षहरु | २ जना | सदस्य |
| घ. शिक्षक महासंघको अध्यक्ष | १ जना | सदस्य |
| ङ. गा.पा.को स्वास्थ्य तथा सरसफाइ इकाइ प्रमुख | १ जना | सदस्य |
| च. शिक्षा अधिकृत | १ जना | सदस्य सचिव |
| | ७ जना | |

## परिच्छेद ५

**६. शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोषको संचालन सम्वन्धिको ब्यवस्थाः**

क. वि.ब्य.स.को निर्णय, रोग र रोगको प्रकृति खुलेको डाक्टरको सिफारिसको आधारमा कोष संचालक समितिको बैठकले निर्णय गरी रु २००००० सम्म प्रदान गर्न सकिनेछ । सो भन्दा माथि खर्च गर्नु परेमा गाउँपालिका बैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

ख. अनुगमनको आधारमा झुट्टा प्रमाण पेश गरिएको ठहरिएमा कोष संचालक समितिले डबल जरिवाना समेत लगाउन सकिने ।

## परिच्छेद ६

**७. शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष प्रदान गरिने अवस्थाहरुः**

क. वि.ब्य.स. र प्र.अ.को सिफारिसमा गम्भिर प्रकृतिका रोग र रोगहरुको प्रकारहरु

ख. सवै प्रकारका क्यान्सर

ग. मृगौला फेल

घ. मष्तिश्क घात

ङ. हृदय घात

च.मुटु रोग

छ. प्यारालाइसिस (आशिंक र पुरै)

ज. दुर्घटनामा परि शारिरीक अंग प्रत्यारोपण र अप्रेशन गर्नु परेमा

झ.कान, आखा, हाइड्रोसिल, एपेन्डिक्स र हर्निया अप्रेशन डाक्टरको सिफारिस अनुसार खर्च उपलब्ध गराउने ।

ञ. समितिको बैठकबाट रोगको प्रकृति गम्भिर देखिएमा आवश्यक अनुसार माथि उल्लेखित बाहेकका रोगहरुमा पनि सुरक्षाकोषको सेवा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ७

**८. पिडित व्यक्तिलाई सेवा सुबिधा उपलब्ध गराउदा देहाय बमोजिमको उपचार सेवा फाराम भर्नुपर्ने छ ।**

श्रीमान् अध्यक्ष ज्यू                                                                                    मितिः

हेलम्बु गा.पा.

सिन्धुपाल्चोक

शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष

**विषय : शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष वाट रकम उपलब्ध गराई पाउँ ।**

महोदय,

उपरोक्त सम्वन्धमा म .................. गा.पा. वडा नं....... विद्यालयमा कार्यरत शिक्षक कर्मचारी निजिश्रोत/राहत/लेखापाल/कार्यालय सहयोगी/बालकक्षा शिक्षिका हु । मैले **शिक्षक कर्मचारी स्वास्थ्य सुरक्षा कोष कार्यविधि २०७५** मा व्यवस्था भए बमोजिम विद्यालयको सिफारिस र डाक्टरको सिफारिस लगायत आवश्यक सवै कागजपत्र यसमा संलग्न गरेको छु । सोहि अनुसार उपचारको लागि ............. रकम उपलब्ध गराई पाउँ भनि यो निवेदन पेश गरेको छु । यसमा पेश गरिएका विवरणहरु सबै साचो हुन् । झुट्टो ठहरीएमा यसै कार्यविधि बमोजिम कारबाही सहुला बझिलिउला ।

**व्यक्तिगत विवरण**

सदस्य शिक्षक कर्मचारी निजिश्रोत राहत बालकक्षा नाम :

बाबुको नाम :

आमाको नामः

पति पत्निको नाम :

उमेर :

कार्यरत विद्यालयको नाम र ठेगाना :

कार्यरत...................... देखि ........................सम्म

स्थायी बसोबास :

ठेगाना : .........................................गा.पा./न.पा. ......... नं वडा ......................टोल

फोन नं. :

निवेदकको नाम र ठेगाना :